ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

प.सं. एशियन लाईफ च.नं./३०२१ /२०८०/०८१

मिति: २०८०/११/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय: १६औं बार्षिक साधारणसभाको निर्णय (माईन्यूट) बारे ।**

महोदय,

उपरोक्त विषयमा यस कम्पनीको आ.ब.२०७९/८० को मिति २०८०/११/१८ गते सम्पन्न भएको कम्पनीको १६औं साधारण सभाले गरेका निर्णयहरु (माइन्यूट) जानकारीको लागि यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न-** साधारणसभाको निर्णय - थान १०

भवदीय,

(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

बोधार्थ:
१) श्री नेपाल बीमा प्राधिकरण
   कुपण्डोल, ललितपुर ।
२) श्री नेपाल धितोपत्र बोर्ड
   खुमलटार, ललितपुर ।

# एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

## १६औं बार्षिक साधारण सभाको

## माइन्यूट (निर्णय) विवरण

१. <u>सभाको संचालन</u> :

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८०/१०/२४ (तदनुसार ७ फेब्रुअरी, २०२४) गते बुधबार वसेको संचालक समितिको १९०औं बैठकको निर्णय वमोजिम, कम्पनी ऐन २०६३ तथा पूर्व प्रकाशित सूचना अनुसार बोलाइएको यस कम्पनीको १६औं वार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठको अध्यक्षतामा निम्नानुसारको मिति, समय, स्थान र विषयसूची उपर छलफल तथा निर्णय भई देहाय अनुसारको काम कार्यवाही सुसम्पन्न भयो ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८०/११/१८ गते शुक्वार (तदनुसार, मार्च १, २०२४)
स्थान : होटल क्लासिक सिमरा, बारा ।
समय : बिहान ११.३० वजे ।

<u>छलफलका विषयहरु :</u>

<u>(क) सामान्य प्रस्तावहरुः</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७९/८० (NFRS वमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्वन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.४०७८% ले हुन आउने रु.१,२८,७०,३०५/–(अक्षरेपी एक करोड अट्ठाइस लाख सत्तरी हजार तीन सय पाच मात्र) पारित गर्ने बारे ।

४. सर्वसाधारण शेयरधनी समूहवाट प्रतिनिधित्व गर्ने संचालक पद- (१) जनालाई नियुक्त गर्ने निर्णय गरिएकोमा सो को अनुमोदन गर्ने बारे ।

५. आर्थिक वर्ष ०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

स्था: २०६४


एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं, नेपाल फोन : ४४३०२७०, ४४१०११५, फ्याक्स नं. ४४४२१३८, पो.ब.नं. २५९४३
ईमेलः asianlife@asianlife.com.np, वेभसाइटः www.asianlife.com.np

(ख) विशेष प्रस्तावहरु :

१.आर्थिक वर्ष २०७९/८० सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,१५,५३,००,५१७/– को बोनस शेयर ७.७५% ले हुन आउने रु.२४,४५,३५,७९०/– (अक्षरेपी चौबिस करोड पैंचालिस लाख पैतिस हजार सात सय नब्बे मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम रु.५ अर्ब चुक्ता पूँजी पुरयाउन ७.७५% बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– (अक्षरेपी तीन अर्ब उन्चालीस करोड अन्ठानब्बे लाख छत्तिस हजार तीन सय सात मात्र) को ४२ प्रतिशत अर्थात (१:०.४२) को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

३.उल्लेखित बोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

४.शेयर संरचनामा परिवर्तन पश्चात् संचालक समितिको संरचनामा समेत परिवर्तन गर्नका लागि संचालक समितिमा संस्थापक समूहबाट ३ जना, सर्वसाधारण समूहबाट २ जना तथा १ जना स्वतन्त्र संचालक रहने गरी जम्मा ६ जनाको संचालक समिति कायम रहने र सोही बमोजिम नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५.कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२,३ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्वन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

ग) विविध ।

२) उपस्थिति विवरण:

संचालक समितिको तर्फबाट

अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यू
संचालक श्री सुशान्त चाचानज्यू
संचालक श्री निष्ठा प्रधानाङज्यू
संचालक श्री सौरभ रुंगटाज्यू
संचालक श्री शिला राजभण्डारीज्यू
संचालक श्री अच्युत राज सापकोटाज्यू

स्था: २०६४
प्रधान कार्यालय

**अन्य पदाधिकारीहरुबाट:**

१. प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठ

२. सहायक महाप्रवन्धक श्री कमल ढुंगाना

३. कम्पनी सचिव श्री प्रकाश सिंह कठायत

४.का.मु. शाखा इन्चार्ज श्री प्रकाश कुमार गुप्ता

**शेयरधनीहरुको उपस्थिति:**

**चुक्ता पूँजी** रु.३,१५,५३,००,५१७/- **जम्मा शेयर संख्या:** ३,१५,५३,००५

| उपस्थिति | संस्थापक शेयरधनी | | सर्वसाधारण शेयरधनी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | शेयरधनी | शेयर कित्ता | शेयरधनी | शेयर कित्ता | शेयर धनी | शेयर कित्ता |
| स्वयं उपस्थिति | ६ | १२,५१,४२७ | २१ | २५,१३७ | २७ | १२,७६,५६४ |
| प्रोक्सी मार्फत | ५८ | १,४८,७५,४५३ | १८ | ६६२२८ | ७६ | १,४९,४१,६८१ |

जम्मा उपस्थिती संख्या: १०३

जम्मा शेयर संख्या: १,६२,१८,२४५

जम्मा शेयर संख्याको उपस्थित प्रतिशत: ५१.४०%

**३. गणपूरक संख्या तथा सभाको बैधानिकता :** निर्धारित मिति, समय र स्थानमा संचालन भएको १६औं वार्षिक साधारण सभामा संचालक, संस्थापक शेयरधनी, अन्य शेयरधनीहरु समेत स्वयम सहभागी शेयरधनीहरु २७ जना र ७६ जना प्रोक्सि मार्फत समेत गरी कूल १०३ जना शेयरधनीहरु र कुल ३,१५,५३,००५ कित्ता शेयर मध्ये १,६२,१८,२४५ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी ५१.४० प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमाबलीको नियम २३ अनुसार ५० प्रतिशत भन्दा बढी प्रतिनिधित्व भई गणपूरक संख्या पुगेकोले कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार सभाको संचालन वैधानिक भएको घोषणा गर्नु भयो ।

स्था: २०६४

४. स्वागत मन्तव्य :

सभा संचालन पश्चात प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुको स्वागत अभिवादन गर्दै कम्पनीको वर्तमान अवस्था, लगानी विविधिकरण, बीमा वजारको समस्या र कम्पनीले भविष्यमा सामना गर्नु पर्ने चुनौती बारेमा प्रकाश पार्नु भयो ।

५. बार्षिक प्रतिवेदन प्रस्तुत :

अध्यक्ष श्री दिपक कुमार श्रेष्ठले संचालक समितिको तर्फबाट कम्पनीको बार्षिक प्रतिवेदन २०७९/०८० सभा समक्ष प्रस्तुत गर्नु हुँदै कम्पनीले आर्थिक बर्ष २०७९/०८० को अवधिमा शाखा, उपशाखा कार्यालय संचालन, अभिकर्ता तालिम, वीमालेख बिक्रि, प्रिमियम संकलन , कम्पनीले बोनस प्रदान गर्ने र तत्पश्चात हकप्रद शेयर निष्काशन गरी नियामक निकायले तोकेको चुक्ता पूँजी पुरयउने, कम्पनी लगानी तथा कम्पनीको भावी रणनीति बारेमा अवगत गराउनु भयो ।

६.बिषयसूचीको जानकारी, जिज्ञासा, सुझाव एवं प्रतिउत्तर : अध्यक्षज्यूको अनुमतीले कम्पनीका कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले १६औं बार्षिक साधारण सभाको लागि पूर्व निर्धारित तथा प्रकाशित छलफलको विषय सूची (एजेण्डा) पढेर सभामा जानकारी गराउनु भयो र एजेण्डा माथि कम अनुसार छलफल, जिज्ञासा र सुझावको लागि आग्रह गर्नु भयो ।

क) जिज्ञासा तथा प्रश्नहरु:

१) छलफलमा सहभागि शेयरधनी महानुभावहरु :

क) श्री जय प्रकाश शाह अग्रवाल
ग) श्री राज किशोर प्रसाद
घ) श्री बसन्त राज अधिकारी

२) जिज्ञासा तथा प्रश्नहरु:

सभामा शेयरधनी महानुभावले निम्न बमोजिम जिज्ञासा एवं प्रश्नहरु राख्नु भयो ।

१) लगानी विविधिकरण गर्ने गरिएकोमा लगानी सुरक्षीत छ /छैन ?
२) कम्पनीको लगानी, पोलीसी बिकी र पोलिसि सरेण्डरको अवस्था कस्तो छ ?
३) यस आ.ब.मा कम्पनीमा लगानीको प्रतिफल कम भएको हो की ?

ग) जिज्ञासा तथा सुझावहरु समेतको जवाफ:

अध्यक्षज्यूको स्वीकृती लिई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठले शेयरधनी महानुभावले राख्नु भएको जिज्ञासा एवं प्रश्नका लागि धन्यवाद दिँदै जवाफ दिनु भयो । उल्लेखित जिज्ञासाको लागि:- कम्पनीले श्री नेपाल वीमा प्राधिकरणको लगानी निर्देशिका बमोजिम



स्था: २०६४

लगानी विविधिकरण गरेको छ । हालको आर्थिक मन्दीको समयमा तरलताको समस्य हुने भएकोले कम मुल्य र सहजै लगानी गर्न सकिने र पछि आर्थिक मन्दी हटेमा लगानीको राम्रो प्रतिफल आउने भएकोले लगानी विविधिकरण गरीएको छ । लगानी गरिएका कम्पनीको हालको अवस्था राम्रो छ उक्त कम्पनीहरु होटेल, एयरलाइन्स, निर्जीवन बीमा, बैंक मध्ये होटेल, एयरलाइन्स, हाइड्रोपावर कम्पनीको अगामी दिनमा बजारमा IPO निष्काशन हुनेछ र IPO निष्काशन पश्चात कम्पनीको अर्थिक अवस्था मजबुत भई भविष्यमा कम्पनीहरुको आर्थिक गतिविधिमा वृद्धी भई व्यवसाय विस्तारमा गती लिने भएकाले प्रतिफल राम्रो आउने विश्वास लिएको छु ।

यस्तो प्रतिष्पर्धात्मक वातावरणमा समेत यस कम्पनीले आर्थिक वर्ष २०८०/८१ को पौष मसान्त सम्म जम्मा रु.४० अर्वको जीवन बीमा कोष पुगेको र सोही रकम बराबर लगानी र कर्जा रहेको छ । यसै गरी आर्थिक वर्ष २०८०/८१ पौष मसान्त सम्मको कुल बीमाशुल्क रु.३ अर्ब ७२ करोड ८८ लाख रहेको छ । यस आ.व. २०७९/८० को पौष मसान्त सम्ममा प्रथम बीमाशुल्क रकम अघिल्लो वर्षको पौष मसान्त सम्मको रकम भन्दा ६.३१ प्रतिशतले वृद्धि भएको छ ॥समग्र जीवन बीमा क्षेत्रको प्रथम बीमाशुल्कमा सकुचन आएकोले अगामी दिन थप चुनौतीपूर्ण हुने जानकारी गराउन चाहान्छु । पोलिसि सरेण्डरमा कमी ल्याउन कम्पनीले विभिन्न रणनीति लिएको छ सो को अगामीमा दिनमा प्रभाव देखिने नै छ ।

कम्पनीको चुक्ता पूँजी रु.५ अर्व पुरयाउन नियामक निकायको निर्देशन बमोजिम कम्पनी मर्जमा नगई आफैले चुक्ता पूँजी पुरयाउन ७.७५ प्रतिशत बोनस पश्चात ४२ प्रतिशत हकप्रद शेयरको प्रस्ताव गरीएको छ ।

हाल श्री नेपाल बीमा प्राधिकरणले जारी गरेको निर्देशिका अनुसार Future Bonus को लागि केही रकम छुट्याउनु पर्ने व्यवस्था भएकोले यस आ.व. २०७९/८० मा अलि कम बोनस आएको हो।

## ७. सभाको निर्णयहरु:

सभामा पूर्व निर्धारित, प्रकाशित र वितरित विषय सूचिमा भएको छलफल, सो मा व्यक्त जिज्ञासा र जिज्ञासाको जवाफ पश्चात कम्पनीका सचिव श्री प्रकाश सिंह कठायतले विषयसूचि अनुसार एक/एक प्रस्ताव पढेर सुनाउनु भए पश्चात सभामा शेयरधनी महानुभावहरुले सर्वसम्मतीवाट निम्नानुसार निर्णय गर्नु भयो ।

**सभामा प्रस्तुत प्रस्तावहरु तथा निर्णयहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

**प्रस्ताव नं.१)** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

**निर्णय नं.१)** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

स्था: २०६४ ... प्रधान कार्यालय

**प्रस्ताव नं.२)** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७९/८० (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्वन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने वारे ।

**निर्णय नं.२)** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७९/८० (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्वन्धि संलग्न अनुसूचिहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३)** संचालक समितिवाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.४०७८% ले हुन आउने रु.१,२८,७०,३०५/–(अक्षरेपी एक करोड अट्ठाइस लाख सत्तरी हजार तीन सय पाच मात्र) पारित गर्ने वारे ।

**निर्णय नं.३)** संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.४०७८% ले हुन आउने रु.१,२८,७०,३०५/–(अक्षरेपी एक करोड अट्ठाइस लाख सत्तरी हजार तीन सय पाच मात्र) पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४)** सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने संचालक पद- (१) जनालाई नियुक्त गर्ने निर्णय गरिएकोमा सो को अनुमोदन गर्ने वारे ।

**निर्णय नं.४)** सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने संचालक पद- (१) जनालाई नियुक्त गर्ने निर्णय गरिएकोमा सो को अनुमोदन गर्ने सर्व सम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं.५)** आर्थिक वर्ष ०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

**निर्णय नं.५)** आर्थिक वर्ष ०८०/८१ को लागि लेखापरिक्षण समितिको सिफारीश बमोजिम वाह्य लेखा परिक्षक श्री B.K. Agrawal & Co. Chartered Accountants लाई NFRS बमोजिम (Financial र Tax Audit) गर्न पारिश्रमिक वापत रु.५,००,०००।- (भ्याट वाहेक) प्रदान गर्ने गरी नियुक्त गरिएकोमा सो अनुमोदन गर्ने सर्व सम्मतिले निर्णय गरियो ।

<u>**(ख) विशेष प्रस्तावहरु :**</u>

**प्रस्ताव नं.१)** आर्थिक वर्ष २०७९/८० सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,१५,५३,००,५१७/– को वोनस शेयर ७.७५% ले हुन आउने रु.२४,४५,३५,७९०/– (अक्षरेपी चौबिस करोड पैचालिस लाख पैतिस हजार सात सय नब्बे मात्र) रकम वरावरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।

**निर्णय नं.१)** आर्थिक वर्ष २०७९/८० सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,१५,५३,००,५१७/– को वोनस शेयर ७.७५% ले हुन आउने रु.२४,४५,३५,७९०/– (अक्षरेपी

चौबिस करोड पैचालिस लाख पैतिस हजार सात सय नब्बे मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२)** श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम रु.५ अर्ब चुक्ता पूँजी पुरयाउन ७.७५% बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– (अक्षरेपी तीन अर्ब उन्चालीस करोड अन्ठानब्बे लाख छत्तिस हजार तीन सय सात मात्र) को ४२ प्रतिशत अर्थात (१:०.४२) को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

**निर्णय नं.२)** श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम रु.५ अर्ब चुक्ता पूँजी पुरयाउन ७.७५% बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– (अक्षरेपी तीन अर्ब उन्चालीस करोड अन्ठानब्बे लाख छत्तिस हजार तीन सय सात मात्र) को ४२ प्रतिशत अर्थात (१:०.४२) को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३)** उल्लेखित बोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.३)** उल्लेखित बोनस शेयर वितरण र हकप्रद शेयर निश्कासन पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४)** शेयर संरचनामा परिवर्तन पश्चात् संचालक समितिको संरचनामा समेत परिवर्तन गर्नका लागि संचालक समितिमा संस्थापक समूहबाट ३ जना, सर्वसाधारण समूहबाट २ जना तथा १ जना स्वतन्त्र संचालक रहने गरी जम्मा ६ जनाको संचालक समिति कायम रहने र सोही बमोजिम नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.४)** शेयर संरचनामा परिवर्तन पश्चात् संचालक समितिको संरचनामा समेत परिवर्तन गर्नका लागि संचालक समितिमा संस्थापक समूहबाट ३ जना, सर्वसाधारण समूहबाट २ जना तथा १ जना स्वतन्त्र संचालक रहने गरी जम्मा ६ जनाको संचालक समिति कायम रहने र सोही बमोजिम नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सर्व सम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं.५)** कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२,३ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्वन्धित निकायबाट प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

**निर्णय नं.५)** कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२,३ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा सभामा भएको निर्णय अनुसार संशोधन गर्न तथा सम्वन्धित निकायबाट प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

स्थापित: २०६४

# एशियन लाईफ इन्स्योरेन्स कं. लि.

## प्रबन्ध पत्रमा संशोधन प्रस्ताव

### तीन महले विवरण

| प्रवन्ध पत्रको दफा | हालको व्यवस्था | संशोधन हुने प्रस्ताव | संशोधन औचित्यता |
|---|---|---|---|
| ६.१ (ख) | ख) कम्पनीको तत्काल जारी पूँजी रु.३,१५,५३,००,५१७– ( तीन अर्व पन्ध्र करोड तृपन्न लाख पाँच सय सत्र रुपैया ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरको ३,१५,५३,००५।– (तीन करोड पन्ध्र लाख तृपन्न हजार पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ। | ख) कम्पनीको तत्काल जारी पूँजी रु.३,३९,९८,३६,३०७– (तीन अर्व उन्चालीस करोड अन्ठानब्बे लाख छत्तिस हजार तीन सय सात रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ३,३९,९८,३६३।– (तीन करोड उन्चालीस लाख अन्ठानब्वे हजार तीन सय तृसट्ठी ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | १६औं वार्षिक साधारण सभाबाट ७.७५ प्रतिशत वोनस शेयर जारी गर्दा कम्पनीको जारी पूँजीलाई वृद्धि गर्न आवश्यक भएकोले । |
| ६.१ (ग) | ग)कम्पनीको तत्काल चुक्ता पूँजी रु.३,१५,५३,००,५१७– ( तीन अर्व पन्ध्र करोड तृपन्न लाख पाँच सय सत्र रुपैया ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरको ३,१५,५३,००५।– (तीन करोड पन्ध्र लाख तृपन्न हजार पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ। | ग)कम्पनीको तत्काल चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७– (तीन अर्व उन्चालीस करोड अन्ठानब्वे लाख छत्तिस हजार तीन सय सात रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ३,३९,९८,३६३।– (तीन करोड उन्चालीस लाख अन्ठानब्वे हजार तीन सय तृसट्ठी ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | १६औं वार्षिक साधारण सभाबाट ७.७५ प्रतिशत वोनस शेयर जारी गर्दा कम्पनीको चुक्तापूँजीलाई वृद्धि गर्न आवश्यक भएकोले । |

स्था: २०६४

# एशियन लाईफ इन्स्योरेन्स कं. लि.

नियमावलीमा संशोधन प्रस्ताव

तीन महले विवरण

| नियमावलीको नियम | हालको व्यवस्था | संशोधन हुने प्रस्ताव | संशोधन औचित्यता |
|---|---|---|---|
| २७ (२) | यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । संस्थापकहरुबाट ५ जना र सर्वसाधारणबाट २ जना रहनेछ । ऐन बमोजिम १ जना स्वतन्त्र संचालक नियुक्त गरिनेछ । | यस कम्पनीमा ६ जनाको संचालक समिति हुनेछ । संस्थापकहरुबाट ३ जना र सर्वसाधारणबाट २ जना रहनेछ । ऐन बमोजिम १ जना स्वतन्त्र संचालक नियुक्त गरिने छ। | शेयर संरचनामा परिवर्तन पश्चात् संचालक समितिको संरचनामा समेत परिवर्तन गर्न आवश्यक भएकोले। |
| ३१ | संचालक समितिमा नियम २७ उपनियम (२) बमोजिम संस्थापक समूहबाट ५ जना र सर्वसाधारण समूहको शेयरधनीहरुबाट २ जना प्रतिनिधित्व हुने गरी संचालकको प्रतिनिधित्व गराइनेछ । कम्पनी ऐन बमोजिम ७ जना संचालकमा नियुक्ति गर्नुपर्ने १ जना स्वतन्त्र संचालक सर्वधारणको लागि छुट्याइएको सिटबाट ऐनले तोके अनुसार रितपूर्वक नियुक्त गरिनेछ । | संचालक समितिमा नियम २७ उपनियम (२) बमोजिम संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहको शेयरधनीहरुबाट २ जना प्रतिनिधित्व हुने गरी संचालकको प्रतिनिधित्व गराइनेछ । कम्पनी ऐन बमोजिम ७ जना संचालकमा नियुक्ति गर्नुपर्ने १ जना स्वतन्त्र संचालक सर्वधारणको लागि छुट्याइएको सिटबाट ऐनले तोके अनुसार रितपूर्वक नियुक्त गरिनेछ। | शेयर संरचनामा परिवर्तन पश्चात् संचालक समितिको संरचनामा समेत परिवर्तन गर्न आवश्यक भएकोले। |

स्था: २०६४

ग) बिबिध: विविध शिर्षक अन्तर्गत छलफलको विषयहरु प्रस्तुत नभएको ।

८) **धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

सभाको अन्त्यमा संचालक श्री अच्यूत राज सापकोटाज्यूले सभामा सहभागी भई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गरी सभालाई सफल पार्नमा सहयोग गर्नु भएकोमा उपस्थित सहभागी शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । साथै कम्पनीको सुसंचालन र प्रगतिमा मार्ग निर्देशन दिनु हुने श्री नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडियस लगायत अन्य नियमनकारी निकाय तथा कम्पनीको प्रगतिमा सदा सहयोग र सद्भाव राख्नु हुने अभिकर्ता, ग्राहक बर्ग, शेयरधनी महानुभावहरु र विशेषत: कम्पनीका इमान्दार र लगनशिल कर्मचारी वर्गलाई धन्यवाद व्यक्त गर्नु भयो । सभामा अध्यक्षज्यूको अनुमति लिई संचालक श्री अच्यूत राज सापकोटाज्यूले दिनको १:०० बजे सभा समापन भएको घोषणा गर्नु भयो ।

द.......................
(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

स्था: २०६४

द.......................
(दिपक कुमार श्रेष्ठ)
**अध्यक्ष**

२०८०/११/१८ गते शुक्रवार